# भिमाद नगरपालिका
BHIMAD MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF MUNICIPAL EXECUTIVE
भिमाद, तनहुँ
BHIMAD, TANAHUN
२०७३ / 2073

गण्डकी प्रदेश, नेपाल
GANDAKI PROVINCE, NEPAL


प. सं./ REF. NO. : २०८२/०८३

सूचना नं. ६८

च.न./ DIS. NO. :

**भिमाद नगरपालिका, तनहुँको प्रतीक चिन्ह (Logo) डिजाइन गर्ने सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२०**

प्रस्तुत विषयमा भिमाद नगरपालिका, तनहुँको ऐतिहासिक पहिचान, आर्थिक, सामाजिक एवम् साँस्कृतिक महत्व र स्थानीय भूगोल, मौलिकता लगायतका विशिष्टता झल्किने गरी नगरपालिकाको आधिकारिक प्रतीक चिन्ह (**Logo**) निर्माण गर्नुपर्ने भएकोले प्रतीक चिन्ह (**Logo**) निर्माण गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले देहायका शर्तहरुको पालना गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र भिमाद नगरपालिकाको (**Logo**) तयार गरी यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**देहाय**

१. **प्रतीक चिन्ह (Logo) मा देहायका विषयहरु अनिवार्य समावेश हुनुपर्नेछ।**
   क. भिमाद नगरपालिका, तनहुँ, गण्डकी प्रदेश, नेपाल, स्था. २०७३
   ख. नेपालको राष्ट्रिय झण्डा

२. **प्रतीक चिन्ह (Logo) निर्माण सम्बन्धी अन्य मापदण्डहरु देहाय बमोजिम हुनुपर्नेछ।**
   **क.** भिमाद नगरपालिकाको ऐतिहासिक पहिचान, भूगोल, आर्थिक, सामाजिक, साँस्कृतिक महत्व र स्थानीय मौलिकता झल्किने हुनुपर्ने,
   **ख.** नगरपालिकाको आदर्श वाक्य "समृद्ध भिमादको आधारः आर्थिक, सामाजिक विकास र दिगो पूर्वाधार" को अवधारणा प्रतिबिम्बित हुने गरी निर्माण भएको हुनुपर्ने,
   **ग.** कुनै पनि जातीय विभेद र साम्प्रदायिकतालाई संकेत नगरेको हुनुपर्ने,
   **घ.** राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय एकता र भौगोलिक अखण्डतामा आँच आउने संकेत प्रयोग नभएको हुनुपर्ने,
   **ङ.** नेपाल सरकारको निशान छापको मापदण्ड बमोजिम प्रतीक चिन्ह (Logo) निर्माण गर्नुपर्ने,
   **च.** अन्यत्रबाट नक्कल नगरिएको मौलिक, सरल र दीर्घकालीन प्रयोग योग्य हुनुपर्ने,
   **छ.** डिजिटल तथा प्रिन्ट दुवै माध्यममा प्रयोग गर्न मिल्ने हुनुपर्ने,
   **ज.** File Format JPG/PNG मा न्युनतम ३०० DPI Resolution मा हुनुपर्ने र स्वीकृत पछि सोको Vector Format (AI/EPS/SVG/PDF) मा पनि उपलब्ध गराउनु पर्ने,
   **झ.** प्रस्तावित प्रतीक चिन्ह (Logo) को डिजाइन तयार गरी सूचनामा उल्लिखित मितिभित्र यस नगरपालिकामा स्वयम् उपस्थित भई वा इमेल ठेगाना bhimadmunicipality@gmail.com मा अनिवार्य रुपमा आफ्नो नेपाली नागरिकताको प्रमाणपत्र सहित पेश गर्नुपर्ने।
   **ञ.** पेश भएको प्रतीक चिन्ह (Logo) मा नगरपालिकाबाट परिमार्जनका लागि सुझाव आएमा परिमार्जित डिजाइन पेश गर्नुपर्ने

३. प्रतीक चिन्हमा प्रयोग गरिएका संकेत तथा चिन्हहरुको व्याख्या लिखितरुपमा पेश गर्नुपर्नेछ।

४. प्रतीक चिन्ह (Logo) स्वीकृत सम्बन्धी सम्पूर्ण अधिकार भिमाद नगरपालिकामा निहीत हुनेछ।

५. स्वीकृत प्रतीक चिन्ह (Logo) को सर्वाधिकार भिमाद नगरपालिका, तनहुँमा निहित रहनेछ साथै डिजाइन तयार गर्ने व्यक्ति वा संस्थाले अन्यत्र प्रयोग गर्न पाइने छैन।

६. स्वीकृत हुने प्रतीक चिन्ह (Logo) तयार गर्ने व्यक्ति वा संस्थालाई पुरस्कार स्वरुप नगद रु.३०,०००/- (कर सहित) र सम्मान पत्र प्रदान गरिनेछ।

**कमलप्रसाद पुन**
**प्रमुख प्रशासकीय अधिकृत**